## बैठक नं. १६

आज मिति २०८० साल चैत्र २९ गते बुधवार दिनको २ बजे यस कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष **श्री नवराज ढकालज्यूको** अध्यक्षतामा तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा बसि निम्न प्रस्तावहरुमाथि छलफल गरी तपसिल बमोजिमको निर्णय गरियो।

**उपस्थिति:**

| क्र.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरूङ्ग | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री सागर गौतम | सचिव |

अन्य सहयोगी कर्मचारीहरू

| | | | |
|---|---|---|---|
| १५ | | श्री सन्तोष गैरे | लेखा अधिकृत |
| १६ | | श्री सुवोध ज्ञवाली | ईन्जिनियर छैठौ |
| १७ | | श्री गिरीराज अर्याल | अधिकृत छैठौ |

**प्रस्ताव १ : जग्गा नापजाँच सम्बन्धमा,**

**निर्णय १ :** भुमिहिन दलित,सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुको जग्गा नापजाँच र कित्ताकाट गाउँपालिकाको भूमि व्यवस्था शाखामा खटिएका कर्मचारीबाट भइरहेकोमा सबै काम मौजुदा जनशक्तिबाट काम गर्दा यस आ.व.मा जग्गाधनी प्रमाणपत्र वितरण गर्ने समय अभावले कठिनाइ देखिएकाले करिब तीन देखि चार हजार कित्ता जग्गाहरुको जग्गाधनी पुर्जा वितरण गर्ने सम्मको काम सम्पन्न गर्ने गरि सेवा परामर्श खरिदको माध्यमबाट काम गर्ने गरि खरिद ऐन र नियमावली बमोजिम जिम्मा दिने,

**प्रस्ताव २ : कक्षा कोठा थप गर्ने सम्बन्धमा,**

- **निर्णय २ :** कञ्चन गाउँपालिका वडा नं.१,दानापुर स्थित श्री जनज्योति माध्यामिक विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि,अभिभावक मञ्जुरिनामा र नजिकका विद्यालयको सहमति सहित माध्यामिक तह कक्षा १० (दश) संचालनको अनुमति मागेको हुँदा कञ्चन गाउँ शिक्षा ऐन,२०७४,शिक्षा नियमावली,२०७५ र शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा जारी विभागिय परिपत्र अनुरुप शैक्षिक सत्र २०८१ बाट कक्षा १० (दश) संचालनको अनुमति प्रदान गर्ने,